# प्रदेश आर्थिक ऐन, २०७८

**प्रमाणीकरण मिति**
२०७८/०३/२८

संवत् २०७८ सालको ऐन नं. १

<u>प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून तथा मौजुदा कानूनलाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "**प्रदेश आर्थिक ऐन, २०७८**" रहेको छ।

(२) यो ऐनको दफा १२ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु संवत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. <u>घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरः</u> (१) प्रदेशभित्र **अनुसूची-१** बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको संकलन घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर उठाउन आवश्यक पर्ने स्रोत, साधन, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकम बाँडफाँट गरी घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर बापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गरिनेछ।

३. <u>सवारी साधन कर</u> : (१) प्रदेश भित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका सवारी साधनमा **अनुसूची-२** बमोजिम सवारी साधन कर लगाईने र असूल गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा सम्बन्धित नगरपालिका वा गाउँपालिकाले सवारी साधन कर लगाई असुल गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि जनशक्ति र कार्यालयको व्यवस्था नभएसम्म प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकम प्रदेश बिभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम स्थानीय बिभाज्य कोषमा दाखिला गरी स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँट गरी स्थानीय सञ्चित कोषमा मासिक रुपमा दाखिला गरिनेछ ।

४. <u>सवारी चालक अनुमति-पत्र, सवारी दर्ता किताब (ब्लू बुक) सम्बन्धी दस्तुर</u>ः (१) प्रदेश भित्र सवारी चालक अनुमति-पत्रको इजाजत दस्तुर, दरखास्त दस्तुर, नवीकरण दस्तुर, जरिवाना, पुनः प्रयोगात्मक परिक्षा (रि-ट्रायल) दस्तुर, सवारीको दर्ता किताब (ब्लू बुक) दस्तुर, सवारी जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र अन्य दस्तुर सम्बन्धी व्यवस्था प्रचलित सवारी तथा यातायात सम्बन्धी कानुन बमोजिम लगाइने र असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमति-पत्र सम्बन्धी दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(३) यस दफामा उल्लिखित दस्तुर तोकिएको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ ।

५. <u>मनोरञ्जन कर</u> : (१) प्रदेशभित्र सञ्चालित हुने मनोरञ्जनजन्य क्रियाकलापमा **अनुसूची - ३** बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशको लागि खरीद गरिने टिकटको मूल्यमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठाएको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र शुल्क दाखिला नगरेमा बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित असुल गरिनेछ ।

(५) यस दफा बमोजिमको मनोरञ्जन करको नियमन र प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(६) यस दफा बमोजिम मनोरञ्जन कर बापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

६. <u>प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क:</u> **(१) प्रदेशभित्र प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री बापतको शूल्क अनुसूची-४ बमोजिम लगाई असूल उपर गरिनेछ।**

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(३) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको बाँडफाँट गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

७. <u>वन पैदावार बिक्री शुल्क</u>: **(१) प्रदेशभित्र वन पैदावार बिक्री बापतको शूल्क अनुसूची-५ बमोजिम लगाई असूल उपर गरिनेछ।**

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धी प्रशासन सम्बन्धित वन कार्यालयले गर्नेछ।

(३) यस दफा बमोजिम संकलित शुल्क सम्बन्धित कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ।

८. <u>पर्यटन शुल्कः</u> (१)प्रदेशभित्र **अनुसूची-६** बमोजिम पर्यटन शुल्क लगाईने र असुल गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्राहलय तथा नेपाल सरकारले प्रवेश शूल्क उठाउन अनुमति दिईएका प्राचिन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शूल्क लगाई असुल गर्नेछन् ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित नगरपालिका वा गाउँपालिकाले गर्नेछ ।

(५) उपदफा (२) बमोजिम संकलित रकमको बाँडफाँट गरी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

९. <u>विज्ञापन कर:</u> (१) प्रदेशमा विज्ञापन तथा प्रचार सामग्री राखे बापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र असुल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलित कर रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ ।

१०. <u>प्रचलित कानूनको व्यवस्था कायम रहने:</u> (१) यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम प्रदेशका विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका दस्तुर, शुल्क, महशुल र कर लगायत अन्य राजस्व अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानूनमा तोकिएको दरमा यथावत रुपमा असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिम संकलन भएको कर तथा गैरकर राजस्व रकम प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. <u>दर घटाउन, बढाउन वा छुट दिन सकिने:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्था र मुनाफा रहित सार्वजनिक तथा सामुदायिक संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन, आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

(४) यस दफा बमोजिम दस्तुर, शुल्क, महशुल र करको दर बढाइएको, घटाइएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. <u>कोभिड-१९ बाट प्रभावित कारोवारमा छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था:</u> (१) घरेलु तथा साना उद्योग कार्यालय र यातायात व्यवस्था सम्बन्धी कार्यालयहरुबाट प्रवाह हुने सेवामा बुझाउनुपर्ने कर, शूल्क, दस्तुर कोभिड-१९ को दोश्रो लहरबाट भएको निषेधाज्ञाबाट व्यापार, व्यवसाय, यातायातका साधन लगायत कार्यालयहरु समेत बन्दाबन्दीको अवस्थामा रहेको अवधिमा बुझाउन नसकेको कारणले लाग्ने थप दस्तुर, जरिवाना र थप जरिवाना मिन्हा दिइनेछ।

(२) उपदफा (१) बमोजिम बुझाउनुपर्ने कर, दस्तुर, शुल्क सम्बन्धित कार्यालय तथा सार्वजनिक यातायात खुलेको मितिले ६० दिनभित्रमा बुझाउनुपर्नेछ ।

(३) संचार क्षेत्रको अनुमति-पत्र दर्ता र नवीकरण दस्तुरमा छुट दिईनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३. <u>दण्ड जरिवाना</u>ः (१) प्रदेशभित्र कुनै व्यक्ति संस्था वा निकायले प्रदेश कानूनको उल्लंघन गरेको पाइएमा प्रदेश सरकारले दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लंघन बापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

१४. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>ः प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

### घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घर जग्गा रजिष्ट्रेशन शुल्क

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १ | **राजिनामा,सट्टापट्टा,सगोलनामा र छोडपत्रको लिखतः-** | | | | |
| | (क) राजिनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्र(हस्तान्तरण गरिने जग्गाको थैली अंकमा मात्र) | ५% | ४.५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ३% | २% | १% | ०.५% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ४% | ३.५% | ३% | १.५% |
| २. | **छोडपत्र दर्तफारीः-** (छोडपत्रको हकमा आफ्नो हक हिस्सा बराबरको थैली अंकमा र दर्ताफारीको हकमा संयुक्त दर्तावाला बिचको कुल जग्गाको थैली अंकमा) | | | | |
| | (क) तीन पुस्ताभित्र | बकसपत्र सरह | बकसपत्र सरह | बकसपत्र सरह | बकसपत्र सरह |
| | (ख) तीन पुस्ता बाहिर | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह |
| ३. | **हालै देखिको वकसपत्रको लिखतः-** (हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा)<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी ज्वाई, सासु ससुरा, जेठान, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका, काकी, मामा, माईजु, भान्जा भान्जी, ठूलो-बुवा, ठूली-आमा (बावु तर्फका), आमाजू, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फुपु र भदा भदै बीच। | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>**स्पष्टीकरणः**<br>सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १५% | १०% |
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखत:-** | | | | |
| | (क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रु.३० लाख भन्दा वढी रु.२ करोड सम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| | (ग) रु.२ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत:-** | | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रु.१५,०००।- | रु.१२,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रु.२५,०००।- | रु.२०,०००।- | रु.१५,०००।- | रु.१२,०००।- |
| ६. | **शेषपछिको वकसपत्र/ अष्टलोहको लिखत:-** | | | | |
| | **शेषपछिको वकसपत्रको प्रति लिखत** | | | | |
| | (क) तीन पुस्ता भित्रको | रु.१०,०००।- | रु.९,०००।- | रु.८,०००।- | रु.३,०००।- |
| | (ख) तीन पुस्ताबाहिरको | रु.१२,०००।- | रु.११,०००।- | रु.१०,००० | रु.४,००० |
| | **अष्ठलोहको प्रति लिखत** | | | | |
| | (क) तीन पुस्ताभित्रको | रु.१२,००० | रु.८,००० | रु.७,००० | रु.५,००० |
| | (ख) तीन पुस्ताबाहिरको | रु.१५,०००।- | रु.१३,०००।- | रु.११,००० | रु.८,००० |
| ७. | **बन्धकीको लिखत:-** | | | | |
| | क) रु. तीस लाखसम्मको दृष्टिबन्धकी, भोगबन्धकी र लख बन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| | ख) रु. तीस लाख भन्दा माथीको दृष्टिबन्धकी,भोगबन्धकी र लख बन्धकीको लिखतको थैली अंकमा | १.५% | १.५% | १.५% | १.५% |
| ८. | **अचल सम्पत्ती फलोपभोग (युजफ्रुक्टी) लिखत** | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (प्रतिलिखत थैली अंकमा ) | रु.१,२००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| ९. | **शेषपछिको बकसपत्र र अष्टलोह लिखत:-** | | | | |
| | (क) संशोधन गर्दा | रु.२,५००।- | रु.२,०००।- | रू.१,५०० | रु. १,००० |
| | ख) वदर वा रद्ध गर्दा | रु.१,०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| १०. | **गुठी स्थापना (गुठी दर्ता) लिखत** | रु.७००।- | रु.६००।- | रु.५००।- | रु.४००।- |
| ११. | **घरबहाल लिखत :-**<br>घरबहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ६% | ५% | ४% | ३% |
| १२. | **अन्य जुनसुकै प्रकारको लिखत:-** | | | | |
| | (क) रकम खुलेकोमा (रकमको प्रतिशत) | ४ % | ३% | २% | १% |
| | (ख) रकम नखुलेकोमा (प्रति लिखत रु.) | रु.८,०००।- | रु.७,०००।- | रु.५,०००।- | रु.३,०००।- |
| १३. | **अधिकारनामा,मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | रु.२,००० | रु.२,००० | रु.२,००० | रु.२,००० |
| १४. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिल खारेज नहुने कपाली तमसुक र | १.५% | १.५% | १% | १% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | करारनामाको प्रति लिखत (लिखत अकंमा) | | | | |
| १५. | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको जिल्ला/इलाकाको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ। सो बाहेकका अन्य सि.न. १ देखि १२ सम्ममा घरजग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु घरजग्गा भएको इलाकाको कार्यालय बाहेक अन्य कार्यालयबाट पारित गर्न सकिने छैन। | | | | |

**ख. सेवा शुल्कः-**

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | **लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क:-** | | | | |
| | (क) तराई क्षेत्रमा | रु.१५,०००।- | रु.१०,०००।- | रु. ७,०००।- | रु. ३,०००।- |
| | (ख) अन्य क्षेत्रमा | रु.१५,०००।- | रु.७,०००।- | रु. ५,०००।- | रु. २,०००।- |
| २. | **वित्तीय धितो:-** नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | (क) रु.१ लाखसम्मको लिखतको थैली अङ्कमा | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- |
| | (ख) रु.१ लाखभन्दा बढी रु.५ लाखसम्मको थैली अङ्कमा | रु. १,५००।- | रु. १,५००।- | रु. १,५००।- | रु. १,५००।- |
| | (ग) रु.५ लाखभन्दा बढी रु.१० लाखसम्मको थैली अङ्कमा | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- |
| | (घ) रु.१० लाखभन्दा बढी | रु. ३,०००।- | रु.३,०००।- | रु.३,०००।- | रु.३,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | रु.२० लाखसम्मको थैली अङ्कमा | | | | |
| | (ङ) रु.२०लाख भन्दा बढी रु.५० लाखसम्मको थैली अङ्कमा | रु.५,०००।- | रु.५,०००।- | रु.५,०००।- | रु.५,०००।- |
| | (च) रु.५० लाखभन्दा बढी रु.१ करोडसम्मको थैली अङ्कमा | रु.२०,०००।- | रु.२०,०००।- | रु.२०,०००।- | रु.२०,०००।- |
| | (छ) रु.१ करोडभन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा | रु.३०,०००। | रु.३०,०००। | रु.३०,०००। | रु.३०,०००। |
| | (ज) रु.२ करोडभन्दा बढी रु.५ करोडसम्मको थैली अङ्कमा | रु. ६५,०००। | रु. ६५,०००। | रु. ६५,०००। | रु. ६५,०००। |
| | (झ) रु.५ करोडभन्दा बढी रु.२० करोड सम्मको थैली अङ्कमा | रु.१,००,०००। | रु.१,००,०००। | रु.१,००,०००। | रु.१,००,०००। |
| | (ञ) रु.२० करोडभन्दा बढी रु.१ अर्ब सम्मको थैली अङ्कमा | रु.१,५०,०००।- | रु.१,५०,०००।- | रु.१,५०,०००।- | रु.१,५०,०००।- |
| | (ट) रु.१ अर्ब भन्दा बढी जतिसुकैको थैली अङ्कमा | रु.२,५०,०००।- | रु.२,५०,०००।- | रु.२,५०,०००।- | रु.२,५०,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ३. | **लिज:-** सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ। | | | |
| ४. | **जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा:-** | | | | |
| | (क) तराई क्षेत्र | रु.१,०००।- | रु. ७००।- | रु. ५००।- | रु. २००।- |
| | (ख) अन्य क्षेत्र | रु.१,०००।- | रु. ५००।- | रु. ३००।- | रु. १००।- |
| | नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ। | | | | |
| ५. | **दाखिल खारेज शुल्क:-** | | | | |
| | (क)करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | (ख) अन्य फैसला र मिलापत्र ( अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | ३% | २.५% | २% | १% |
| | (ग)बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा | ५% | ४.५% | ४% | २% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | दाखिल खारेज गर्दाको थैली अङ्कमा | | | | |
| | (घ)बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक वित्तीय तथा संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.१०,०००।- | रु. ८,०००।- | रु. ६,०००।- | रु. ३,०००।- |
| | (ङ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (च)भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रु. ५००।- | रु. ४००।- | रु. ३००।- | रु. २००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | **महानगरपालिका** | **उपमहानगरपालिका** | **नगरपालिका** | **गाउँपालिका** |
| | | | | | |
| | (छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.२,०००।- | रु. १,५००।- | रु. १०००।- | रु. ५००।- |
| | (ज)शेषपछिको बकसपत्रको दाखिल खारेज (चालु मुल्यांकनको थैली अंक र लिखतको मूल्यमा जुन बढी हुन्छ बढीमा असुल हुने) | | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | ०.५% | ०.४% | ०.३% | ०.२% |
| | (आ) तीनपुस्ता बाहिरको भए | ५% | ४% | ३% | २% |
| ६. | **नामसारी:-** | | | | |
| | **(क) तीनपुस्ता भित्रको नामसारी** | | | | |
| | (अ) रु.१ करोड सम्म भए | रु.५०० ।- | रु.३०० ।- | रु.२०० ।- | रु.१०० ।- |
| | (आ) रु.१ करोड भन्दा माथि | रु.१००० ।- | रु.८०० ।- | रु.६०० ।- | रु.४०० ।- |
| | **(ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी** | | | | |
| | (अ) रु.१ करोड सम्म भए | रु.१५०० ।- | रु.१२०० ।- | रु.१००० ।- | रु.७०० ।- |
| | (आ) रु.१ करोड भन्दा माथि | रु.३,०००।- | रु. २,५००।- | रु. २,०००।- | रु. १,०००।- |
| ७. | **हाल साविक:-** पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा | रु. ४००।- | रु. ३००।- | रु. २००।- | रु. १००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | अध्यावधिक गर्दा प्रति मिसिल | | | | |
| ८. | **घर कायमः** (क) श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००।- | रु. २,०००।- | रु. २,०००।- | रु. ५००।- |
| | (ख) श्रेस्तामा घर पाताल प्रति निवेदन | रू.१५००।- | रू.१२००।- | रू.१०००।- | रू.५००।- |
| ९. | **संशोधन शुल्कः-** मालपोत ऐन, २०३४ को दफा ७(३)अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु. ३००।- | रु. २००।- | रु. १००।- | रु. १००।- |
| **ग) रोक्का शुल्कः-** | | | | | |
| १०. | **रजिष्ट्रेशन रोक्का शुल्क :-** | | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | |
| | (अ) रु.१ लाखसम्मको ऋण अङ्कमा | रु. ५००।- | रु. ४००।- | रु. ३००।- | रु. २००।- |
| | (आ) रु.१ लाखभन्दा बढी रु.५ लाखसम्मको ऋण अङ्कमा | रु. ८००।- | रु. ७००।- | रु. ५००।- | रु. ३००।- |
| | (इ) रु.५ लाखभन्दा बढी | रु.१,०००।- | रु.८००।- | रु.७००।- | रु. ५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | रु.१५ लाखसम्मको ऋण अङ्कमा | | | | |
| | (ई) रु.१५ लाख देखि ५० लाखसम्म वित्तीय धितो बमोजिम हुने | रु.५,०००।- | रु. ४,०००।- | रु.३,०००।- | रू.२००० |
| | (उ) ५० लाखभन्दा बढी जतिसुकै भएपनी | सि.नं. २ को वित्तीय धितोमा भएको व्यवस्था भए बमोजिम हुने। | | | |

**(घ) विविध:-**

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| २. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ३. | प्रदेश भित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा सो उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ४. | प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| ५. | (क) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । |
| | प्रचलित कानून बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी प्रवाह गर्दा दस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवाशुल्क लाग्नेछ। |
| ६. | (क) प्रदेशभित्र बैकिङ तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन । |
| | (ख) पहिलो र दोश्रो जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा शहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारका शुल्क पूर्णरुपमा छुट हुनेछ। छुटका लागि सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नु पर्नेछ। |
| ७. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका जाति भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ८ | महिला,सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने पैतीस प्रतिशत छुट हुनेछ। छुटका लागि सो खुल्ने प्रमाण/कागजात/परिचयपत्र पेश गर्नुपर्नेछ। |
| ९. | (क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु. १००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ख) ३०० जनाभन्दा वढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा सो उद्योग/फर्म दर्ता हुने सम्वन्धित निकायको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट दिइनेछ।तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बरावर जरिवाना गर्नुपर्नेछ। |
| | (ग) भूमिहिन,मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवाशुल्क र रोक्का शुल्क पूर्णरुपमा छुट हुनेछ। छुटका लागि सो खुल्ने प्रमाण/कागजात/परिचयपत्र पेश गर्नुपर्नेछ। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| | |
| १०. | बैक तथा  वित्तीय संस्था एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रको रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्य र मिलापत्र वा बैंक तथा वित्तीय संस्था एवं सहकारी संघ वा संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ । |
| ११. | संघ, संस्था वा निकायको विधानमा उल्लेखित धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ ।<br><br>तर, कुनै खास जात, जाती वा थरसँग सम्वन्धित वा कुनै एउटै जात वा थरका व्यक्ति वा समुदायको लागि मात्र कार्य गर्ने संघ, संस्था वा निकायलाई त्यस्तो छुट दिईने छैन । |
| १२. | प्रदेश भित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १३. | प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरुले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कट्टासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभाग, प्रदेशको सहकारी सम्वन्धी नियमन गर्ने निकाय/ स्थानीय तहको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्णरुपमा छुट हुनेछ।<br><br>तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ। |
| १४. | विविधको क्रम संख्या ६,७, ८ र ९ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ । |
| १५. | एउटै कारोवारबाट १० लाख रुपैयाँ वा सो भन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेण्ट) भनी छाप लागेको चेकको छायाँ प्रति पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको छायाँप्रति पेश गरेपछि मात्र लिखत पारित हुनेछ। |
| १६. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १७. | तीन पुस्ता भित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या (२) मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार,  प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| १९. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | क) नेपाल सरकारको आर्थिक अध्यादेश, २०७८ को दफा ३४ मा घरजग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन अन्तर्गत "अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिला गर्नेछ ।" भन्ने व्यवस्था अनुरुप हुनेछ ।<br>ख) बुँदा नं. २० को (क) बमोजिम संकलन भएको घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क बापतको रकम अन्तर सरकारी बित्त व्यवस्थापन ऐन,२०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयले बाँडफाँट गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा र साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ । |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

# अनुसूची — २

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| (क) कार, जीप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी. सम्म | रु. २१००० |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २३००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ३०००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३५५०० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ४१००० |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५८५०० |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३८५०० |
| (आ) मिनीटिपर | रु. २७५०० |
| **(ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा थ्री ह्वीलर र टेम्पो | रु. ५००० |
| (आ) ट्रेक्टर | रु. ४५०० |
| (ई) पावर टिलर | रु. ३५०० |
| (घ) मिनिट्रक/मिनिबस | रु. २४५०० |
| (ङ) ट्रक र बस | रु. ३३००० |
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | रु. २८०० |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु. ४५०० |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु. ९००० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| (ई) ४०१ सी.सी. र सो भन्दा माथि | रु. १६५०० |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु. ८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ९५०० |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. ११५०० |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १३५०० |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १६००० |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | रु. १८००० |
| **(ग) अटो रिक्सा, थ्री व्हिलर, टेम्पो, टेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री व्हिलर , टेम्पो | रु. ४५०० |
| (आ) ट्रेक्टर | रु. २७०० |
| (इ) पावर टिलर | रु. २५०० |
| (घ) मिनीट्रक, मिनीबस | रु. १२५०० |
| (ङ) मिनी ट्रिपर | रु. १५००० |
| (च) ट्रक, बस, तेल ट्यांकर | रु. १७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाममा दर्ता भएका सवारी साधनहरूलाई क्र.सं. (२) बमोजिम लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा क्र.सं. (१) र (२) बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर, आयात मितिले १ बर्ष सम्म ब्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | (क) कुनै विशेष कारणबाट सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहराएको अवस्थामा कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सार्वजनिक सवारी साधनलाई सो सवारीसाधन सञ्चालन नभएको अवधिको सवारी कर मिन्हा दिईनेछ। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| | (ख) कुनै सवारी धनीले आफ्नो सवारी साधन बिग्री वा अन्य कुनै कारणले पुन: सञ्चालनमा आउन नसक्ने भए लगत कट्टाको मिति सम्मको सवारी साधन कर तथा दस्तुर तिरी लगत कट्टा गर्न सक्नेछ। |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुस्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुस्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। |
| ९. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| १०. | क्र.सं. (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ११. | दश लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । |
| १४. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। |
| १५. | बीस वर्ष आयु पुरा भई सार्वजनिक सवारी साधन स्क्रयापमा गएको वा सञ्चालन गरी जफत गरिएको वा सवारी दुर्घटनामा परी स्क्रयापमा गई लामो समयसम्म सञ्चालनमा नरहेको अवस्थामा त्यस्ता सवारी साधनले वार्षिक रुपमा तिर्नुपर्ने सवारी कर नतिरेको कारणले दर्ता खारेजी गरेको रहेनछ भने एकपटकका लागि त्यस्ता सवारीसाधनमा लाग्ने करमा एक आ.व. २०७८/०७९ को सवारी कर मात्र २०७९ असार मसान्तसम्म बुझाएमा त्यस्ता सवारी साधनको लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गरिनेछ। |
| १६. | कुनै सवारी दुर्घटनाग्रस्त भै चेसिस इन्जिन वा बडी काम नलाग्ने अवस्था भएको वा बाढी पहिरो तथा नदीमा डुबी नभेटिने अवस्था भएमा त्यस्ता सवारीहरूको लगत कट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्ने अवधिसम्म कर असुल गर्न बाँकी रहेछ भने त्यस्ता सवारी सञ्चालन भएको अवधिको मात्र कर असुल गरी लगत कट्टा गर्न गरिनेछ। |
| १७. | कुनै सार्वजनिक तथा निजी सवारी पाँच वर्ष भन्दा बढी अवधिको सवारी साधन कर तिर्न बाँकी रहेछ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो तीन |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | |
|---|---|
| | आर्थिक वर्षको सवारीसाधन कर २०७९ असार मसान्तभित्र असुल गरी दर्ता ताबबाट लगतकट्टा गरी कि सवारीको दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| १८. | कुनै सार्वजनिक सवारीले दश वर्ष भन्दा माथि जतिसुकै आर्थिक वर्षको सवारी कर तिर्न बाँकि रहेछ भने एक पटकलाई पचास प्रतिशत सवारी साधन कर तिरी सवारी सञ्चालन गर्न पाउनेछ। तर, बीस बर्ष अवधि पुगेको हकमा यो छुट लागु हुनेछैन। |
| १९. | यस प्रदेश भित्र स्थायी ठेगाना भएका नागरिकहरुको स्वामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन यस प्रदेश भित्र सरुवा दर्ता गर्न ल्याएमा सरुवा दर्ता गर्दा लाग्ने सवारी दर्ता शुल्क पूर्णरुपमा छुट गरिनेछ ।साथै सो सवारीमा लाग्ने पहिलो वर्षको सवारी करमा समेत ५० प्रतिशत छुट दिइनेछ। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

### मनोरञ्जन कर

| सि.नं. | शीर्षक | मनोरञ्जन करको दर | कैफियत |
|---|---|---|---|
| १. | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ३% | |
| २ | भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर, नाटक घर (टिकट मूल्यको) | ५% | |
| ३ | दोहोरी साँझ, डान्स बार (वार्षिक रु.) | ५००० | |
| ४ | फन पार्क, वाटर गार्डेन, बाल उद्यान लगायत मनोरञ्जनात्मक स्थलको प्रवेश लगायतको विभिन्न क्रियाकलापको टिकट मूल्यको | २% | |
| ५ | एक महिनासम्म जादु सर्कस तथा मेला तथा मनोरन्जनात्मक कार्यक्रम संचालन गराए बापत प्रतिदिन रु. | २०० | |
| ६ | एक महिनाभन्दा बढी जादु सर्कस तथा मेला तथा मनोरन्जनात्मक कार्यक्रम संचालन गराए बापत प्रतिमहिना रु. | ५५०० | |
| ७ | नेपाली चलत्रित्रको प्रदर्शनमा सि. नं. १ मा उल्लेखित दरमा ५० प्रतिशत छुट हुनेछ । | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची -४

(दफा ६ सँग सम्बन्धित)

### प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क

| सि.नं. | शीर्षक | इकाई | दर (रु.) |
|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेट | प्रति क्यू. फिट | ६ |
| २. | बालुवा, चिप्स | प्रति क्यू. फिट | ४.७५ |
| ३. | माटो (भरौट र बलौट) | प्रति क्यू. फिट | ३ |
| ४. | कटिङ्ग ढुङ्गा | प्रति क्यू. फिट | ६ |
| | माथि उल्लेखित सि.नं. १-४ सम्मको शुल्क बापतको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ। | | |
| (क) | "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर" भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र , वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा संकलन गर्ने बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चनुढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी वा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्छ । | | |
| (ख) | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछः<br>(क) साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृत भएको हुनुपर्ने छ ।<br>(ख) माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, सार्वजनिक तथा मानवीय बासस्थान, भौगोलिक संरचना, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना, कुलो नहर, सडक, व्यक्तिगत भवन लगायतको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ। | | |
| (ग) | खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेण्ट उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेण्ट उद्योगभन्दा बाहिर पठाउँदा प्रति बोरा एक रुपैयाँका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाइनेछ। यसरी लगाइएको शुल्क स्थानीय तहले संकलन गरी संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। यस शुल्कको अनुगमन प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत हुनेछ। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची -५

(दफा ७ सँग सम्बन्धित)

### वन पैदावार बिक्री शुल्क

| सि.नं. | शीर्षक | इकाई | दर (रु.) |
|---|---|---|---|
| १. | नदी तथा खोलाले बगाएर ल्याएको काठ | प्रति क्यू. फिट | ३०० |
| २. | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ | प्रति क्यू. फिट | १०० |
| ३. | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी | प्रति किलोग्राम | ३ |
| ४. | अ) निजी वनबाट कटान भई बिक्री हुने गोलिया काठमा छोडपूर्जि हुँदाका बखत प्रति क्युबिक फूट साल र खयरका हकमा रु. ५ र अन्य प्रजातिमा रु. २ का दरले प्रदेश सेवा शुल्क लगाई वन कार्यालयले संकलन गर्नुपर्नेछ ।<br><br>आ) प्रदेश भित्रको सबै खाले राष्ट्रिय वनको वन पैदावार स्वीकृत कार्ययोजना बमोजिम उपभोक्ताको आन्तरिक खपत बाहेक अन्यत्र बिक्री गर्दा साल र खयर जातमा प्रति क्यू.फिट रु.५ र अन्य प्रजातिको हकमा प्रति क्यू.फिट रु.२ का दरले प्रदेश सेवा शुल्कको रुपमा छोडपुर्जि जारी गर्दा वन कार्यालयहरुले संकलन गर्नुपर्नेछ। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

# अनुसूची -६

(दफा ८ सँग सम्बन्धित)

## पर्यटन शुल्क

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछ ।

| सि.न. | शीर्षक | दर |
|---|---|---|
| १. | पदमार्ग | सार्क मुलुकका पर्यटकका लागि प्रति पर्यटक यु.एस. डलर ५ वा सो बराबर सो दिनको परिवर्तीय नेपाली मुद्रा र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर १० वा सो बराबर सो दिनको परिवर्तीय नेपाली मुद्रा। |
| २. | पर्यटक शुल्क | विदेशी पर्यटकको हकमा प्रति पर्यटक शुल्क रु.१००० र स्वदेशी पर्यटकको हकमा शुल्क प्रति पर्यटक रु.१०० का दरले |

सि.नं. (१) मा व्यवस्था गरिएको पदमार्गको पर्यटन शुल्क शुरु बिन्दुको स्थानीय तहबाट संकलन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १